संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-१५
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*
*बैठक स्थगित : ३:२१ बजे*

२०७९ चैत २१ गते, मंगलबार

संघीय संसद, राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको पन्धौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय तुलप्रसाद विश्वकर्मा**ले नेपाली सेना र अमेरिकी सेनाबीच संयुक्त तालिम सञ्चालन गर्ने विषयमा बोल्नुहुँदै नेपाली सेनाले छाउनी र नगरकोटमा तालिम गर्ने बताएको तर अमेरिकी सेनाले भने मुस्ताङ्ग र मनाङका क्षेत्रहरूमा बताएकोले चीनसँग सीमाना जोडिएको र उच्च रणनीतिक महत्वको क्षेत्रमा यसरी तालिम गर्नु नेपालको लागि घातक हुने बताउनुभयो ।

**माननीय दुर्गा गुरुङ्ग**ले आफु द्वन्द्व पीडित रहेको बताउनुहुँदै द्वन्द्वकालिन घटनाक्रम तत्कालिन समयको द्वन्द्वको नियमभित्र पर्ने र सो समयबाट नै लोकतान्त्रिक गणतन्त्रको उपलब्धी प्राप्त भएको बताउनुभयो।

**माननीय भुवन बहादुर सुनार**ले जातीय विभेदको बारेमा बोल्नुहुँदै कास्कीको माछापुच्छ्रे गाउँपालिका, सिराहाको भगवतीपुर र वीरगंजको महायज्ञमा भएको जातीय विभेदको घटनामा कारबाहीको लागि गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय मदन कुमारी शाह(गरिमा)** ले इसा अवार्डबाट सम्मानित डा. सन्दुक रुइतलाई बधाई दिनुहुँदै तिलगंगा आँखा अस्पताललाई आँखा उपचारको हव बनाउन सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो ।

**माननीय मोहम्मद खालिद**ले धनुषामा घटेको घटनाले धार्मिक र सामाजिक सद्भाव विथोलेको बताउँदै यस्ता घटनामा संलग्नलाई कानुनको दायरामा ल्याइ उचित कारबाही गर्न माग गर्नुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले **"शून्य समय"**मा माननीय सदस्यहरूले बोल्ने समय समाप्त भएको जानकारी गराउँनुहुँदै र **"विशेष समय"** मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय नर बहादुर बिष्ट**ले नयाँ सरकारको गठन भइसकेको वर्तमान परिवेशमा कोभिड १९ तथा रुस र युक्रेन युद्धले विश्वव्यापी आर्थिक सङ्कट सिर्जना गरेको र नेपाल पनि यसबाट अछुतो नरहने भएकोले यो सङ्कट टार्नको लागि सबै दल एकजुट हुनुपर्ने बताउनुभयो । साथै भुटानी शरणार्थीको नाममा ठगी गर्नेलाई कारबाही गर्न पनि माग गर्नुभयो ।

**माननीय शारदा देवी भट्ट**ले वर्तमान सरकारको एक सय दिन पुरा भएको तर सरकारले जनकेन्द्रित काम गर्न नसकेको वताउनुभयो । दलित अधिकारसम्बन्धी कानुन बनेको भएपनि यो

समस्याको समाधान हालसम्म पनि हुननसकेको बताउँदै दलित समुदायको समस्या समाधान गर्न दलित भित्र आन्तरिक रुपमा र दलित र गैरदलितबीचको विभेद अन्त्य गर्नुपर्ने र यसका लागि समाजको सोचमा परिवर्तन आउनुपर्ने बताउनुभयो ।

**माननीय कृष्ण प्रसाद पौडेल**ले राजनीतिले एउटा बाटो समाएको तर नागरिकका समस्या जस्ताको तस्तै रहेको बताउनुहुँदै नागरिक समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । बजेटमा चालु बजेटको हिस्सा बढी भएको, विनियोजित बजेट खर्च नभएको र भएको खर्चमा पनि बेरुजु देखिनु गलत भएको बताउनुभयो। नागरिकका समस्यालाई बुझेर नेता र कर्मचारीमा सुधार आउन जरुरी रहेको बताउनुहुँदै नेपालमा युवा जनशक्तिको अवस्था बलियो रहेको र यसको उपयोग मार्फत आर्थिक सुधार गर्न सकिने कुरामा जोड दिनुभयो । नेपाललाई आइटी र एजुकेशन हवको रुपमा विकास गर्न सकिने धारणा प्रस्तुत गर्नुभयो।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले मार्च २१ को अवसरमा दलित समुदायको विभेद कम गर्न सदन मार्फत सङ्कल्प प्रस्ताव पारित भएकोमा आभार प्रकट गर्नुभयो । नेपालको संविधानमा जातीय विभेद अन्त्य गर्ने उल्लेख भए पनि जातीय विभेदमा ज्यान गुमाउनुपर्ने घटना दिनप्रतिदिन बढ्दै गइरहेको बताउँदै संबैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय नारायणप्रसाद दाहाल**ले नेपालको संविधानले गरेका व्यवस्थाको कार्यान्वयनका लागि राष्ट्रिय सहमति आवश्यक रहेको बताउनुहुँदै विगतमा सरकारले गरेका निर्णयहरू र ल्याएका नीतिहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताउनुभयो। संघीय व्यवस्थाको कार्यान्वयनका लागि तर्जुमा गर्नुपर्ने कानुन चाँडो निर्माण गर्नुपर्ने बताउँदै यही संविधान मार्फत सेवा सुविधा लिने र यही संविधानको विरोध गर्ने कुरा गलत भएको बताउनुभयो ।

**माननीय विना पोखरेल**ले वर्तमान सरकारले सुशासन कायम गर्न नसकेको बताउँनुहुँदै मिटरब्याजीहरूसँग गरिएको सहमति कार्यान्वयन हुन्छ कि हुँदैन भनी प्रश्न गर्नुभयो। कृषिमा रहेको समस्या समाधान नभएको बताउनुहुँदै शिक्षा क्षेत्रमा पनि समस्या रहेको, बेरोजगारी समस्या र लघुवित्तको समस्याको उजागर गर्नुहुँदै कोशी प्रदेशको नामाकरण विरुद्धको आन्दोलनको तत्काल निकास खोज्न सरकार समक्ष अनुरोध गर्नुभयो ।

**माननीय इन्दु कडरीया**ले संघ र प्रदेश चुनाव भएको निकै समय व्यतित भएपनि मन्त्रिपरिषद् विस्तार हुन नसकेको, सरकार सदनप्रति गम्भीर नभएको र जनस्तरका समस्याहरूको समाधान हुन नसकेको बताउनुभयो। उच्च शिक्षाको अवस्था चिन्ताजनक रहेकोले शैक्षिक गुणस्तर सुधारका लागि नीति तर्जुमा गर्नुपर्ने बताउनुभयो । कृषिको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय अनिता देवकोटा**ले सबै तहका निर्वाचन सम्पन्न भइ सरकार निर्माण भइसकेको र संविधानप्रदत्त अधिकार गाउँ-गाउँमा विस्तार हुने अपेक्षा रहेको बताउनुहुँदै सरकारलाई शुभकामना व्यक्त गर्नुभयो। मुलुकको आर्थिक सङ्कट समाधानका लागि सरकारले पहल गरोस् भनी आग्रह गर्नुभयो। कृषि तथा पशुपन्छी विकास मन्त्रिलाई कृषि क्षेत्रमा रहेको समस्याको समाधान गर्न आग्रह गर्नुभयो।

**माननीय गोमा देवी तिमल्सिना**ले कृषकहरूले पाउने अनुदान कृषकहरूको हातमा पर्‍यो कि परेन भनी प्रश्न गर्नुभयो । कृषि मूल्य वास्तविक किसानले पाउन नसकेको र विचौलियाले नाफा खाइरहेको बताउनुभयो । मानवस्वास्थ्यसँग जोडिएका उद्योगको अनुगमन गर्नुपर्ने र बजार मूल्यको अनुगमन गरी कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो ।

**माननीय रामचन्द्र राई**ले यो अधिवेशन बसेको तीन महिना भए पनि १५ वटा बैठक मात्र बस्न सकेको, कतिपय ऐन कानुन बनाउन नसकेको र सदनलाई व्यवस्थित बिजनेश दिन नसकेको बताउनुभयो। हाल कोरोना दैनिक रुपमा बढ्दै गइरहेकोले यसको रोकथामको सरकारको योजनाको बारेमा सदनलाई जानकारी गराइयोस् भनी सरकारलाई अनुरोध गर्नुभयो ।

**माननीय सुरेश कुमार आलेमगर**ले नवनियुक्त मन्त्रीहरूलाई शुभकामना व्यक्त गर्दै प्रदेश नं १ को नामाकरण विरुद्ध भएको आन्दोलनमा ऐक्यबद्धता व्यक्त गर्नुभयो। संघीय लोकतान्त्रिक गणतन्त्रको प्रासिका लागि खोलानालाले नभइ त्यहाँका स्थानीय समुदायले योगदान गरेको हुनाले स्थानीय पहिचानको आधारमा प्रदेशको नामाकरण हुनुपर्ने बताउनुभयो। लोकतान्त्रिक व्यवस्थामा पनि जातीयतावादी, पुरूषवादी र भौगोलिक हिसाबमा पहाडिया मानसिकता रहेको बताउँनुहुँदै अहिले पनि पञ्चायती सोच र प्रवृत्ती नगएको बताउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विषेश समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको र राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठनसम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउँनुहुँदै पत्रको ब्यहोरा जानकारी गराउनुभयो ।

**“ विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०७९/१२/१७ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति, हेरफेर र कार्यविभाजनसमेत गर्नु भएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | कानुन, न्याय तथा संसदीय मामिला; परराष्ट्र; युवा तथा खेलकुद; वन तथा वातावरण; स्वास्थ्य तथा जनसङ्ख्या र खानेपानी |
| २. | श्री पूर्णबहादुर खड्का | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | गृह |
| ४. | डा. बेदुराम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| ५. | श्री अशोककुमार राई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ६. | श्री शरतसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | डा. प्रकाशशरण महत | मन्त्री | अर्थ |

| | | | |
|---|---|---|---|
| ८. | श्री महिन्द्र राय यादव | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ९. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| १०. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ११. | श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १२. | श्री अमनलाल मोदी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| १३. | श्री प्रकाश ज्वाला | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १४. | श्री रञ्जिता श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५. | श्री रमेश रिजाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १६. | श्री सिता गुरुङ्ग | मन्त्री | शहरी विकास |
| १७. | श्री सुशिला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/१२/१७

तत्पश्चात सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले समसामयिक विषयमा बोल्नका लागि माननीय मन्त्रीलाई समय उपलब्ध गराउनुभए पश्चात **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री बेदुराम भुसाल**ले कृषि मन्त्रालय जनतासँग प्रत्यक्ष जोडिएको मन्त्रालय भएको र कृषि नेपालको अर्थतन्त्रको मूख्य आधार भएकोले यसमा रहेका समस्या र प्रश्नहरूका बारेमा आफू जानकार रहेको र यसको सामना कसरी गर्न सकिन्छ भन्ने विषयमा माननीयहरूको सुझाव लिएर अघि बढ्ने बताउनुभयो। यी समस्या र प्रश्नहरूको सबै मिलेर समाधान गर्नुपर्ने हुनाले आफूलाई माननीयहरूले सुझाव प्रदान गर्न आग्रह गर्नुभयो।

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीले बोलिसकेपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसालले दिनुभएको बक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा देहायबमोजिमका माननीय सदस्यहरूले प्रश्न गर्नुभयो:

१. मा. खिमलाल देवकोटा
२. मा. रामचन्द्र राई
३. मा. राजेन्द्र लक्ष्मी गैरे
४. मा. अनिता देवकोटा
५. मा. गंगा कुमारी बेलबासे
६. मा. जगप्रसाद विश्वकर्मा
७. मा. सुरेश कुमार आलेमगर
८. मा. मायाप्रसाद शर्मा

९. मा. दिल कुमारी रावल थापा(पार्वती)
१०.मा. प्रकाश पन्थ
११.मा. कमला पन्त
१२. मा. भुवन बहादुर सुनुवार
१३.मा. बिमला घिमिरे
१४. मा. इन्दु कडरीया
१५.मा. सिंग बहादुर विश्वकर्मा

त्यसलगत्तै, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसाललाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभए अनुसार माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसालले आफूले नीति तथा कार्यक्रम र बजेटमा राख्नका लागी सझाव मागेको बताउँनुहुँदै मलको खरिदको प्रकृया अघि बढेको र अन्य बिषयहरूमा ठोस रूपमा सुझाव आओस भन्ने चाहेको बताउनुभयो ।

सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री **पुष्पकमल दाहाल “प्रचण्ड”** को तर्फबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री**लाई **महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७८/०७९** र **लोकसेवा आयोगको त्रीसठ्ठीऔं प्रतिवेदन, २०७८/०७९** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुभएपछि माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसालले उक्त प्रतिवेदनहरू सभा समक्ष पेस गर्नुभयो।

सम्माननीय अध्यक्षले **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको** तर्फबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**लाई **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७** माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुभएपश्चात माननीय मन्त्री डा. बेदुराम भुसालले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो। तदुपरान्त सम्माननीय अध्यक्षले प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले स्वीकृत भयो।

सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन माननीय सदस्यहरूलाई अनुरोध गर्नुहुँदा माननीय खिमलाल देवकोटाले छलफलमा भाग लिनुभयो ।

तत्पश्चात, सम्माननीय अध्यक्षले छलफलमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँनुहुँदै छलफलमा उठेका प्रश्नको जवाफ दिन माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री वेदुराम भुसाललाई समय उपलब्ध गराउनुभएपश्चात माननीय मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ सभा समक्ष पेस गर्नुभयो । यसपछि उक्त विषयको छलफल समाप्त भएको जानकारी सम्माननीय अध्यक्षले सभा समक्ष गराउनुभयो।

त्यसलगत्तै, सम्माननीय अध्यक्षले **"सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि २७** सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लिखित संशोधनहरू सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३० सम्मका दफाहरू **"सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त विधेयकको देहायबमोजिमको प्रस्तावना र नाम पढेर सभा समक्ष प्रस्तुत गर्नुभयोः

**"प्रस्तावनाः** तटस्थ, निष्पक्ष, तथ्यपरक र बस्तुनिष्ठ सूचना, समाचार तथा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रत्याभूत गर्दै समावेशी लोकतन्त्रको सदृढीकरण गर्न, सामाजिक तथा साँस्कृतिक जागरण ल्याउनका लागि प्रतिस्पर्धी र जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालन गर्न सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **"सार्वजनिक सेवा प्रसारण ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **"सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा**को तर्फबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७९ पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो । त्यसलगत्तै सम्माननीय अध्यक्षले उक्त प्रस्ताव सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा**को तर्फबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष पेस

गर्नुभयो । सम्माननीय अध्यक्षले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७"** माथि छलफल प्रारम्भ भएको जानकारी र छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदै छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्नुहुँदा कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको जानकारी सम्माननीय अध्यक्षले सभा समक्ष जानकारी गराउनुभयो ।

तत्पश्चात, सम्माननीय अध्यक्षले **"सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त संशोधन सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

सम्माननीय अध्यक्षले **"सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको **क्रम सङ्ख्या १ देखि २४ सम्म** उल्लिखित संशोधनहरू **"सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ४५ सम्मका दफाहरू **"सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको देहायबमोजिमको प्रस्तावना र नाम पढेर सभा समक्ष सुनाउनुभयोः

"**प्रस्तावनाः** सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रणको लागि सुरक्षण मुद्रण केन्द्रको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **"सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।"

यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **"सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

सम्माननीय अध्यक्षले **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा**को तर्फबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई "सुरक्षण मुद्रण सम्बन्धी विधेयक**, **२०७९ पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात सम्माननीय अध्यक्षले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल चैत्र २७ गते सोमबार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव